# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
# SALT TRADING CORPORATION LTD.


पत्र संख्या/Ref No. २०७८।०७९ च.नं. ७३ (क.सं.)

मिति : २०७८।१२।०७

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषय : ५५ औं वार्षिक साधारणसभा गर्ने जानकारी तथा शेयर दा.खा. बन्द हुने जानकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस कर्पोरेशनको सञ्चालक समितिको मिति २०७८।१२।०६ गते बसेको १०२३ औं बैठकको निर्णयानुसार कर्पोरेशनको ५५ औं वार्षिक साधारणसभा मिति २०७८ चैत्र ३० (तदनुसार १३ अप्रिल २०२२) गते बुधबार बिहान ११:०० बजे निम्न विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा उक्त प्रयोजनको लागि आगामी मिति २०७८।१२।१५ देखि २०७८।१२।३० गते सम्म यस कर्पोरेशनको शेयर दाखिला खारेज बन्द गरिएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौं ।

छलफलका विषयसूचि :

क. सामान्य प्रस्ताव

१. ५५ औं वार्षिक साधारणसभाका लागि आर्थिक बर्ष २०७७/२०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७७/२०७८ को लेखापरिक्षकको प्रतिवेदन सहित सोही आ.व. को वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारीश अनुसार आर्थिक वर्ष २०७८/२०७९ को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने । (हालको लेखापरिक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाण्टेण्टस् पुन: नियुक्तीको लागि योग्य हुनुहुन्छ)

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम चुक्ता पूंजीको शून्य दशमलव पचास प्रतिशतका दरले नगद लाभांश वापत रु. ११,५२,४१४।- (बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) बितरण गर्न स्वीकृत गर्ने ।

५. सञ्चालक नियुक्ती अनुमोदन गर्ने ।

ख. बिशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूँजीको १० प्रतिशतले हुने रकम रु. २,३०,४८,२९०।– वरावरको वोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृती उपर छलफल गरी पारित गर्ने ।

ग. विविध

भवदीय
नि. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

(उमेशकुमार ओझा)
प्रबन्धक/कम्पनी सचिव

बोधार्थ
श्री नेपाल स्टक एक्सचेञ्ज लि., सिंहदरवार प्लाजा, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।


केन्द्रिय कार्यालय, कालिमाटी, काठमाडौं, नेपाल, फोन नं.: ४२७१०१४, ४२७०३१५, ४२७१७०४, फ्याक्स: ९७७-१- ४२७१७०४, ४२७१३९५
Central Office, Kalimati, Kathmandu, Nepal, Phone: 4271014, 4270315, 4271704, Fax: 977-1-4271704, 4271395
Email: admin@stcnepal.com, URL: www.stcnepal.com